जोशीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
७ नं. प्रदेश, नेपाल

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर, कैलाली ७ नं. प्रदेश, नेपाल २०७३

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना
( सूचना प्रकाशित मिति :- २०७४/१२/२० )

यस कार्यालयको स्वास्थ्य शाखा, प्राथमिक स्वास्थ्य केन्द्र, जोशीपुर र स्वास्थ्य चौकी, बौनियामा आ.व. २०७४।०७५ मा स्वास्थ्य सेवा बिस्तार गर्न तपसिल बमोजिमका कर्मचारीहरु सेवा करारमा लिनुपर्ने भएकोले देहाय बमोजिमका शर्तहरुको अधीनमा रही इच्छुक नेपाली नागरिकहरुबाट यस कार्यालयको स्वास्थ्य शाखामा रीतपूर्वक आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ ( पन्ध्र ) दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| क्र. सं. | वि.नं. | पद | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव तथा तालीम | तलब | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २/०७४-७५ | रेडियोग्राफर | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Diploma in Radiography उत्तीर्ण गरेको। | १६,०००।- | ४००।- | |
| २. | ३/०७४-७५ | फार्मेसी सहायक | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Diploma in Pharmacy उत्तीर्ण गरेको। | १६,०००।- | ४००।- | |
| ३. | ४/०७४-७५ | डेन्टल हाइजिनिस्ट | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Certificate in Dental Science उत्तीर्ण गरेको। | १६,०००।- | ४००।- | |
| ४. | ५/०७४-७५ | अ.हे.ब. | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Community Medicine Assistant उत्तीर्ण गरेको। | १४,०००।- | ३००।- | |
| ५. | ६/०७४-७५ | अ.न.मि. | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Auxilliary Nurse Midwife Course उत्तीर्ण गरेको। | १४,०००।- | ३००।- | |
| ६. | ७/०७४-७५ | स्वीपर | १ | सामान्य लेखपढ गर्न जान्ने। | ७,०००।- | १००।- | |
| ७. | ८/०७४-७५ | पाले | १ | सामान्य लेखपढ गर्न जान्ने। | ७,०००।- | १००।- | |

१. आवेदन दिने अन्तिम मिति :- २०७५/०१/०४ सम्म कार्यालय समयमा।
२. आवेदकको उमेर :- १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको।
३. कार्य शर्तको विवरण ( TOR ) :- कार्यशर्तको विवरण (TOR) नेपाल सरकारको सेवा करारमा कार्यरत रेडियोग्राफर, फार्मेसी सहायक, डेन्टल हाइजिनिस्ट, अ.हे.ब., अ.न.मि., स्वीपर र पाले कर्मचारी सरह हुने गरी गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
४. संलग्न गर्नुपर्ने कागजातहरु :- व्यक्तिगत विवरण ( Bio-Data ), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु ( विदेशबाट शिक्षा हासील गरेकाहरुको हकमा सो प्रमाणपत्रहरुको नेपालको विश्वविद्यालयबाट समकक्षताको प्रमाण पत्र ), अनुभवका प्रमाणपत्रहरु।
५. परीक्षाको किसिम :- लिखित र अन्तर्वार्ता। तर स्वीपर र पालेको हकमा अन्तर्वार्ता मात्र लिईनेछ।
६. आवेदन पेश गर्ने तरिका :- बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु र तोकिएको शुल्क (पछि फिर्ता नहुने गरी) NIC ASIA Bank Ltd. जोशीपुर शाखामा रहेको यस कार्यालयको संचित कोष खाता नं. C ३४१४९८७८१५२४००४ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी हुलाक, ईमेल वा स्वयम उपस्थित भई यस कार्यालयमा आवेदन दिनु पर्नेछ।
७. उम्मेदवार छनौटका आधारहरु तपसीलमा उल्लेखित सूचकको आधारमा ( स्वीपर र पाले बाहेकको ) छोटो सूची ( Short List ) तयार गरिनेछ। उक्त छोटो सूचीमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परीक्षामा समाबेश गरिनेछ ।

तपसील :-

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता। | ३० |
| २. | कार्य अनुभव ( सूचना अनुसार न्युनतम शैक्षिक योग्यता हासिल गरे पश्चात )। | ३० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना। | २० |
| ४. | २ वर्ष भन्दा माथी सम्बन्धित क्षेत्रमा Volunteer गरेको **वा** अ.न.मि. को हकमा Skilled Birth Attendant (SBA) तालीम प्राप्त **वा** फार्मेसी सहायकको हकमा कम्प्यूटर सम्बन्धी सामान्य ज्ञान भएको र कम्प्यूटर चलाउन जान्ने ( Basic Computer Course Certificate )। | २० |

८. स्वीपरको लागि महिला उम्मेदवारले मात्र आवेदन दिन मिल्नेछ। स्वीपर र पालेको हकमा बुदा नं. ७ मा उल्लेखित सूचकहरु लागु हुने छैन। साथै स्थानीय बासिन्दालाई ग्राह्यता दिईनेछ।
९. सेवा करार अवधी :- २०७५ असार मसान्त सम्म।
१०. छोटो सूची ( Short List ), परीक्षा मिति र स्थान आदि थप जानकारीको लागि सम्पर्क नं. :- ९८४८७६८९२१ र ९८४८४५७८७५, ईमेल ठेगाना :- joshipurmun@gmail.com र Website :- www.joshipurmun.gov.np
११. सूचनामा उल्लेख भए बाहेकका अन्य विषयको हकमा उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

२०७४।१२।२०
नारायण बहादुर विष्ट
प्रमुख प्रशासकिय अधिकृत